# गैंडे सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा.-११, अर्घाखाँची

पत्र सं.०८२।०८३

मिति २०८२।०५।०८

**विषय : काठ दाउरा लिलाम बिक्री सम्वन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना !**

(मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२।०५।०८ गते)

प्रस्तुत विषयमा यस सामुदायिक उपभोक्ता समूहले आ.व. ०८१।०८२ को तयारी कटान तर्फको विभिन्न जातको ६११.४६ क्यू.फि. काठ र दाउरा ५ चट्टा तथा आ.व. ०८०।०८१ र आ.व. ०८१।०८२ को वन प्रदावार आपूर्ति समितिवाट फिर्ता भएको क्रमश: ११९।१८, ४३.२३ क्यू.फि. काठ र दाउरा २ चट्टा साथै आ.व. ०८०।०८१ मा समूहले वरामद गरेको ६९.३९ क्यू.फि. काठ साथै आ.व. ०८१।०८२ मा समूह भित्र विक्री गरी वचेको २ चट्टा दाउरा समेत गरी जम्मा विभिन्न जातको गोलिया थान १८३ को ८४३.३० क्यूं.फिट गोलिया काठ र दाउरा ९ चट्टालाई कायम गरिएको १ वटा लटलाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलवन्दी बोलपत्र प्रकृयाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोवार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ औ दिन शनिवार परेकोले मिति २०८२।०५।२९ गते कार्यालय समयभित्र बोलपत्र खरीद गरी मिति २०८२।०५।३० गते दिउसको ३:०० वजे भित्र दाखिला गर्न हुन सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ०९ मिति २०८२।०४।०२ गतेको लिलाम सहमति वमोजिम प्रथम पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. १ आ.व. ०८२।०८३ | आ.व. ०८१।०८२ को तयारी कटान तर्फको धाङ्ग नं. १, २ को काठ र दाउरा तथा आ.व. ०८०।०८१, आ.व. को आपूर्ति फिर्ता धाङ्ग नं. ८, आ.व. ०८१।०८२ को आपूर्ति फिर्ता धाङ्ग नं. १ र दाउरा २ चट्टा साथै आ.व. ०८०।०८१ मा समूहले बरामद भएको काठ | साल | A | ९ | १४६.१९ | १२५० | १८२७४० | २९१,५७८ | |
| | | | B | २२ | २०८.५२ | ९०० | १८७६६७ | | |
| | | | C | १०९ | ३५९.६० | ६०० | २१५७५८ | | |
| | | | D | २९ | ५५.३६ | ३०० | १६६०८ | | |
| | | बाँझी | N | १ | ६.०६ | १०० | ६०६ | | |
| | | असना | B | १ | ११.६८ | ३०० | ३५०४ | | |
| | | | C | ४ | २३.०७ | १०० | २३०७ | | |
| | | जामुन | B | १ | ४.७४ | ३०० | १४२१ | | |
| | | | C | ६ | २४.२७ | १०० | २४२७ | | |
| | | कुसुम | N | १ | ३.८३ | १०० | ३८३ | | |
| | | साल दाउरा चट्टा | | | ६.०० | १२००० | ७२००० | | |
| | | मिश्रित दाउरा चट्टा | | | १.०० | ८००० | ८००० | | |
| | | अन्य दाउरा चट्टा | | | २.०० | ४००० | ८००० | | |
| जम्मा | | | | | | | ७,०१,४२० | २,९१,५७८ | |

आध्यक्ष

# गैंडे सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. ११, अर्घाखाँची

पत्र सं.०८२।०८३

२. वोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-
(क) खरिद गर्ने अन्तिम मिति २०८२/०५/२९ गते कार्यालय समयसम्म ।
(ख) दाखिला गर्ने अन्तिम मिति २०८२/०५/३० गते दिउसो ३.०० वजेसम्म ।

३. वोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयवाट प्रति टेण्डर फाराम वापतको दस्तुर रु. १००० (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी वोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक लिमिटेड, सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१०००३९६८००१ खातामा रकम जम्मा गरेको सक्कल वैंक भौचर नै समावेश गर्नुपर्ने छ ।

५. लिलाम विक्री हुने वन पैदावार शितगंगा-११ स्थित धरमपानी घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अद्यावधिक सूचिकृत भएको पत्र वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८२।०६।०१ गते दिनको १:०० वजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन वमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विक्री नभएको वा वोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको वोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, वोलपत्र उपर कारवाही हुनेछैन ।

११. वोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री गैंडे सा.व.उ.स.को काठ दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

२०८२ साल भाद्र महिनाको ०८ गते रोज ०१ मा शुभम् ..................................।

अध्यक्ष